नेपाल सरकार

शहरी विकास मन्त्रालय

# स्याङ्जा नगर विकास समिति

स्याङ्जा

प.सं. ०७८/०७९

च.नं. :

मिति : २०७९/०३/२०

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

प्रस्तुत विषयमा पुतलीबजार नगरपालिका वडा नं. १ स्याङ्जा स्थित नगर विकास समितिको भवनको सटर तथा कोठा शिलबन्दी दरभाउपत्रको माध्यमबाट भाडामा लगाउनुपर्ने भएकोले ईच्छुक व्यक्ति वा संघ/संस्थाहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिल वमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी दरभाउपत्र समितिको कार्यालयमा पेश गर्नु हुन यो सूचना आव्हान गरिएको छ ।

*शर्तहरु :-*

१. दर भाउपत्र सूचना प्रकाशित भएको मितिले ७ औं दिनभित्र रु १०००। **(फिर्ता नहुने गरी बुझाई ) नगर विकास समिति स्याङ्जाबाट** दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्र खरिद दाताले प्रष्टसँग आफुले कवोल गरेको रकम भरी प्रत्येक पानामा सहीछाप गरी नाम थर, ठेगाना र सो सटर/कोठामा गरिने व्यवसायको नाम प्रष्टसँग भरी ८औं दिनको ठिक १२.०० बजे भित्र यस **नगर विकास समितिमा** पेश गर्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २.०० बजे उपस्थित दरभाउपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलीने छ । दरभाउपत्र दाताहरू नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

३. दरभाउपत्र साथ धरौटी वापत आफुले कवोल गरेको **१ महिना बराबरको** रकम नेपाल बैंक लि. स्याङ्जामा रहेको खाता नं ०४२००१००३६४१९००००००१ मा जम्मा गरेको सक्कलै भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र स्वीकृत भएपछि पहिलो पटक कवोल अंक बराबरको भाडाको रकम अग्रिम रुपमा **नगर विकास समितिमा** बुझाउनुपर्नेछ । धरौटी वापतको रकम यसमा मिलान गरिने छैन । उक्त धरौटी रकम सम्झौता अवधि सम्म कायम रहनेछ ।

५. सटर भाडा सम्झौताको अवधिले **५ वर्ष (२०८४ साल आषाढ मसान्त)** सम्म हुनेछ ।

६. प्रत्येक दुईबर्षमा नगर विकास समितिले सम्झौता बमोजिमको भाडामा १० प्रतिशत दरले भाडा बृद्धि गर्न सक्नेछ ।

७. सटर भाडामा बस्ने संघ/संस्था वा व्यक्तिले सबमिटरमा उठेको विद्युत महशुल आफैले बुझाउनु पर्नेछ । पाँच हजार भन्दा मुनिका सामान्य मर्मत सम्भार भाडामा बस्ने व्यक्तिले नै गर्नु पर्नेछ ।

८. दरभाउ पत्रमा कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट भएको हुनुपर्नेछ ।

९. रित नपुगेर म्याद नाघेको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन ।

१०. दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलीपल्ट वा विदा पछि कार्यालय खोलेको दिन हुनेछ ।

११. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१२. नगर विकास समिति स्याङ्जाको भवनको सर्टर नं १ देखि ८ सम्मका प्रत्येक सटरको मासिक न्यूनतम भाडा रु. १४०००। (अक्षरुपी चौध हजार रुपैया मात्र) बाँकी सटर नं. ९ को मासिक न्यूनतम भाडा रु. १३०००। (अक्षरुपी तेह्र हजार रुपैया) र भवनको माथिल्लो तलामा रहेका तिनवटा कोठाको मासिक न्यूनतम भाडा रु. ४७००। ( अक्षरुपी चार हजार सात सय रुपैयाँ मात्र ) कायम गरिएका छ ।

१३. मासिक भाडा भुक्तानी गर्दा आगामी महिनाको ५ गते भित्र भाडा भुक्तानी गरेमा कुल भाडा रकमको ५ प्रतिशत छुट हुनेछ , तोकिएको समयमा भाडा भुक्तान नगरेमा ५ प्रतिशत रकम जरिवाना र उक्त महिनामा पनि भाडा भुक्तान नगरेमा प्रत्येक महिनामा थप १ प्रतिशतका दरले जरिवाना बृद्धि हुदै जानेछ ।

१४. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ ।

............ ०७९।३।२०

सदस्य सचिव